कलैया उपमहानगरपालिका
उपमहानगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
प्रदेश नं. २, नेपाल

## सवारी साधन आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(दोश्रो पटक प्रकाशन मिति : (२०७५/२/१८ गते)

१) यस उपमहानगरपालिकालाई आवश्यक पर्ने सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ७ औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७३/०७४ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसारको वोलपत्र दस्तुर रु. १,०००/– (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कलैयामा रहेको धरौटी खाता नं. १२६०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

४) बोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

५) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

६) बोलपत्र सम्बन्धी थप जानकारीका लागी कलैया उपमहानगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०३/२०७४/०७५ | सवारी साधन (मोटरसाईकल) बोलपत्र साथ संलग्न सवारी स्पेसिफिकेशन बमोजिम | थान ५ (पाँच) | १,०००/- | २.५% ले हुन आउने रकम |

लेखा अधिकृत
लेखा अधिकृत
(अधिकृत स्तर छैठो तह)